# सुरुङ्गा नगरपालिकाको नदीजन्य पदार्थको विक्रीका गि बोलपत्र आव्हान सम्बन्धी ठेक्का

## आय ठेक्का नं. SRNG-SAPT/REV/03/2082/083

## ठेक्काको नामः बलान, चहका र शिशुवारी नदीको बगर क्षेत्रबाट निस्कन सक्ने ढुंगा, गिट्टी, बालुवा तथा ग्राभेल समेतको विक्री (I.E.E-2082 ले तोकेको क्षेत्र)

## बोलपत्र फाराम

**सुरुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ससरी**
**मधेश प्रदेश, नेपाल**

नगर कार्यपालिकाको कार्यालय सुरुङ्गा नगरपालिका सप्तरी मधेश प्रदेश, नेपाल

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# बिषय – सूची

१.नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

२.बोलपत्र पेश निवेदन

३.बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको विवरण

४.स्वः घोषणा-पत्र

५.बोलपत्र स्वीकृतिको ढाँचा

६.कार्य-सम्पादन जमानतको ढाँचा

७.ठेक्का सम्झौता फारामको ढाँचा

८.पट्टाको फारामको ढाँचा

९.पटके प्रवेश आदेश

१०. उत्खनन् कर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख

११. दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरीज

१२. सुरुङ्गा नगरपालिका र जिल्ला अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

१३. उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमुना

१४. अन्य शर्तहरु

नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी, मधेश प्रदेश, नेपाल

गोरखनाथ मि...
प्रमुख प्रशासकीय अ...



CamScanner

सुरुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

## नदीजन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०८२/०५/०९)

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा भएको व्यवस्था तथा यस नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७८ को परिच्छेद-१२ आय ठेक्का बन्दोबस्ती सम्बन्धी व्यवस्थाको दफा १३८ को नियम ४ को उपनियम (१घ) बमोजिम तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट यस नगरपालिकाबाट अद्यावधिक स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न यस नगरपालिकाको मिति २०८२/०५/०६ गतेको निर्णयानुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरुले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,नियमानुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल https://www.bolpatra.gov.np/egp/ मा यस सम्बन्धी राखिएको सूचनामा उल्लेखित शर्तहरु तथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट https://www.bolpatra.gov.np/egp/ बाट रीत पुर्याई बोलपत्र फरम भर्न सकिनेछ ।

तपसिल :

| ठे.नं. | ठेक्काको किसिम | उठाउन पाउने परिमाण(घन फिटमा) | बिक्री मूल्य (दर रेट) | न्यूनतम ठेक्का अंक(वार्षिक)मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर | धरौटी /विड वण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|
| SRNG-SAPT/REV/03/082/083 | सुरुङ्गा नगरपालिका भित्र पर्ने शिशुवारी,वलान तथा चहका खोलाका बगरक्षेत्रबाट निस्कन सक्ने ढुङ्गा गिट्टी र वालुकाको बिक्री कर | ६७५३५.५८ | २००/प्रति घन मिटर | १३५०७११६ | ३००० | कबुल अंकको ५% | सूचनाको ३० औ दिन कार्यालय समय भित्र e-Bidding System अनुसार | सूचनाको ३१औ दिनको १२ बजे भित्र e-Bidding System अनुसार |

### ठेक्का सम्बन्धी शर्तहरुः

(१) बोलपत्र फारमका साथ माथि तोकेको दस्तुर तिरेको नगदी रिद,निर्ण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाण-पत्र र मू.अ.कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न राखी माथि उल्लेखित दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट https://www.bolpatra.gov.np/egp/ बाट बोलपत्र फारम Download गरी नियमानुसार बोलपत्र फारम भर्न सकिनेछ । माथि तोकिए बमोजिम बोलपत्र दस्तुर राजश्व संकेत नं. १४२२९०४०१ बोलपत्र फारम बिकि शिर्षकमा एनएमवि बैंकमा संचालनमा रहेको सुरुङ्गा नगरपालिकाको आन्तरिक राजश्व खाता नं. १०९००७३५२९००००८६ मा जम्मा गरी सोको भौचर बोलपत्र फारमको साथ संलग्न राख्नुपर्नेछ ।

(२) बोलपत्र सम्बन्धी फारम भर्दा मू.अ.कर सहितको कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्दछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको मू.अ.कर सहितको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको एनएमबि बैंकमा संचालनमा रहेको धरौटी खाता नं. १०९००७३५२९०००००४१ मा जम्मा गरी सोको भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिन म्याद सहित जारी गरिएको विडबण्ड बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(३) बोलपत्र दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको २:०० बजे सुरुङ्गा नगरपालिकाको खरिद इकाई,राजश्व शाखा,एवं बोलपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा सुरुङ्गा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,मधुपट्टी,सप्तरीमा खोलिनेछ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(४) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बनधी फारममा उल्लेख गरिएको हुँदा सोही अनुसार अवगत गर्न वा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

(५) म्याद नाघि,रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(६) बोलपत्र स्वीकृत भई सम्झौताका लागि सूचना प्रकाशन मितिले १५(पन्ध्र) दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको सम्झौता पूर्व प्रथम किस्ता वापत ५०(पचास) प्रतिशतले हुने रकम र सो मा नियमानुसार लाग्ने मु.अ.कर समेत नगरपालिकामा अनिवार्य बुझाउनु पर्नेछ । बाँकी ५०(पचास) प्रतिशतले हुने दोस्रो किस्ता रकम तथा सो किस्ताको मु.अ.कर समेतको हकमा नेपाल राष्ट्र बैंकबाट २०८३ असार मसान्त सम्मको म्याद सहितको जारी गरिएको शर्त रहित कार्य सम्पादन जमानत पत्र बैंक ग्यारेन्टी राखी २०८३ साल वैशाख १५ भित्र बाँकी सबै रकम बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

(७) ठेक्का सम्झौता भई सकेपछि कुनै कारणवश काबू बाहिरको स्थिती श्रृजना भई नदीजन्य पदार्थ संकलन,बिक्री वितरण हुन नसकेमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

(८) ठेक्का सकार गर्दा सबै खोला तथा नाकाहरुको समेत गरि एकमुष्ठ रुपमा सकार गर्नु पर्नेछ ।

(९) नदी वा खोलामा उत्खनन वा संकलन गर्न हेवी इक्युपमेन्टको प्रयोग गर्न पाईने छैन ।

(१०) ढुङ्गा,गिट्टी,वालुवा र ग्राभेल बिक्री र निजी जग्गा तथा निकासीको हकमा नजिकमा पर्ने खोला,नाला,प्राकृतिक धार किनारा,धाटपुल,पुलेसा,लोकमार्ग जस्ता सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५०० मिटर अगाडि र १ कि.मि. पछाडि छोडेर मात्र ढुङ्गा,गिट्टी,वालुवा र ग्राभेल उठाउन पईनेछ ।

(११) वन क्षेत्रवाट ढुङ्गा,गिट्टी,वालुवा र ग्राभेल उत्खनन् गर्न पाईने छैन र अन्य व्यवस्था वातावरणीय परिक्षण प्रतिवेदन-२०८२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(१२) बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रपत्रिकामा सूचना प्रकाशन गरेको वा घरदैलोमा टाँस भएको मितिले १५ दिन भित्र सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरी नियमानुसार अन्यको बोलपत्र स्वीकृत गर्ने वा पुनः बोलपत्र आह्वान गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

(१३) नेपाल सरकार,जिल्ला अनुगमन समिति तथा नगरपालिकाले समय-समयमा दिएका नीति निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।

(१४) ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको श्रृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(१५) नगरपालिकालाई बक्यौता रकम बुझाउन बाँकी भएका व्यक्ति,फर्म वा कम्पनि र सो फर्म वा कम्पनिका व्यक्ति वा प्रतिनिधि संलग्न कुनै पनि फर्म वा कम्पनिलाई बक्यौता रकम नबुझाए सम्म बोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।

(१६) यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(१७) ठेक्काको अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र बोलपत्र फाराम खरिद गर्दा उपलब्ध गराईनेछ ।

(१८) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ । यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(१९) यस विषयमा थप जानकारी आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

(२०) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम वा विड वण्ड जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरि । यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार स ऐन,२०७४,ढुङ्गा,गिट्टी,वालुवा उत्खनन्,बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७,सम्बन्धित स्थानिय तहबाट जारी कानून,प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । सथै यस कार्यालयबाट गरिएको वातावरणीय अ प्रतिवेदन बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(२१) यस ठेक्काको अवधि २०८३ जेष्ठ मसान्त सम्म हुनेछ/

नगर कार्यपालिकाको कार्यालय मधुपट्टी, सप्तरी मधेश प्रदेश, नेपाल

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## ३. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको विवरण

सुरुङ्गा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन,संकलन तथा बिक्री गर्ने सम्बन्धी ठेक्काका लागि ठेक्का नं.SRNG-SAPT/REV/03/082/083 बलान,चहका तथा शिशुवारी नदीको बगर क्षेत्रबाट निस्कन सक्ने ढुंङ्गा,वालुवा,ग्राभेल तथा गिट्टी समेतको बिक्री (IEE-2082 ले तोकेको क्षेत्र) का लागि बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको विवरणः-

| ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् परिमाण | एकाई | कबोल रकम अंकमा | कबोल रकम अक्षरमा | जम्मा |
|---|---|---|---|---|---|---|
| **SRNG-SAPT/REV/03/082/083** | बलान, चहका र शिशुवारी नदीको बगर क्षेत्रबाट निस्कन सकिने ढुंगा, गिट्टी, बालुवा तथा ग्राभेल समेतको बिक्री (I.E.E-2082) ले तोकेको क्षेत्र | ६७५३५.५८ | घन मिटर | | | |
| जम्मा | | | | | | |

कबोल अंकमा १३ प्रतिशत मू.अ.कर लाग्नेछ ।

बोलपत्रदाताको आधिकारिक व्यक्तिको नाम, थरः-

फर्म वा कम्पनिको नामः-

दस्तखतः

फोन नं.

ठेगाना :

छाप :

नगर कार्यपालिकाको कार्यालय मधुपट्टी, सप्तरी मधेश प्रदेश, नेपाल

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# २. बोलपत्र पेश निवेदन

मितिः-२०८२/........../.....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सुरुङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मधुपट्टी,सप्तरी ।

बिषय :- नदीजन्य पदार्थको उत्खनन्,संकलन र बिक्री गर्ने सम्वन्धी ठेक्का नं.SRNG-SAPT/REV/03/082/083 बलान,चहका र शिशुवारी नदीको बगर क्षेत्रबाट निस्कन सक्ने ढुङ्गा,गिट्टी,वालुवा तथा ग्राभेल समेतको बिक्री(IEE-2082 ले तोकेको क्षेत्र) को शिलबन्दी बोलपत्र पेश गरेको बारे ।

महोदय,

उपरोक्त विषयमा सुरुङ्गा नगरपालिकाको आन्तरिक आय तर्फ सुरुङ्गा नगरपालिका भित्र भएर बहने बलान,चहका र शिशुवारी नदीको बगर क्षेत्रबाट निस्कन सक्ने ढुंङ्गा,गिट्टी,वालुवा तथा ग्राभेल समेतको बिक्री गर्ने सम्वन्धी ठेक्का नं.SRNGSAPT/REV/03/082/083(IEE-2082 ले तोकेको क्षेत्र) का लागि तहाँ कार्यालयबाट मिति २०८२/०५/०९ गते प्रकाशित सूचना बमोजिम देहायको ठेक्का लिन इच्छुक भई यो शिलबन्दी बोलपत्र पेश गरेको छु ।

तपसिल

| ठेक्का नं. | ठेक्काको विवरण | कैफियत |
|---|---|---|
| SRNGSAPT/REV/03/082/083 | नदीजन्य पदार्थको उत्खनन्,संकलन तथा विक्रीका लागि बलान,चहका र शिशुवारी नदीको बगर क्षेत्रबाट निर्कन सक्ने ढुंङ्गा,गिट्टी,वालुवा तथा ग्राभेल समेतकी विक्री (IEE-2082 ले तोकेको क्षेत्र) | |

बोलपत्र दाताको आधिकारिक व्यक्तिको नाम,थरः-

फर्म वा कम्पनीको नाम :-

दस्तखत :-

फोन नं.:-

ठेगाना :-

छाप :-

नगर कार्यपालिकाको कार्यालय मधुपट्टी, सप्तरी मधेश प्रदेश, नेपाल

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

४. स्वःघोषणा-पत्र

(आफ्नो लेटर प्याडमा लेख्नु होला)

........................................ कम्पनी वा फर्मको नाम लेख्ने) ................ को ......... म/हामी यस अघि कुनैपनि खरिद कारवाहीमा भाग लिन अयोग्य नभउको प्रस्तावित ठेक्का कारवाहीमा आफ्नो कुनै स्वार्थ नवाझिएको र सम्वन्धि पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको तथा यस सुरुङ्गा नगरपालिका कार्यालयलाई तिर्न बुझाउन पर्ने केहि नरहेको घोषणा गर्दछु/गर्दछौ ।

वोलपत्रदाताको अधिकारिक व्यक्तिको नाम,थर :-
फर्म वा कम्पनीको नाम :-
सही :-
फोन नं.:-
ठेगाना :-
छाप :-

सुरुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## ५. बोलपत्र स्वीकृति (Letter of Acceptance) को ढाँचा

मिति :- ........................

श्री ......................................

..........................................

(ठेकेदारको नाम र ठेगाना लेख्नुहोस्)

विषय :- ठेक्का स्वीकृतिको सूचना

यस कार्यालयको मिति ....................... (मिति लेख्नुहोस्) को नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्रीको लागि बोलपत्र आव्हानको सूचना अनुसार ..................................................... ........................................ (ठेक्का नं........ ठेक्काको नाम र ठेगाना लेख्नुहोस्) आन्तरिक आय संकलन गर्न तपाईले पेश गर्नु भएको रु. ................................................ (कबोल मूल्य अङ्क र अक्षरमा लेख्नुहोस्) कबोल मूल्य भएको बोलपत्र स्वीकृत गरिएको व्यहोरा यो सूचनाद्वारा जानकारी गराउँदछौं ।

औपचारिक रुपमा करार सम्झौतामा हस्ताक्षर गर्न यो पत्रको मितिले सात (७) दिनभित्र यस कार्यालयमा उपस्थित हुन तपाईलाई सूचित गरिन्छ । बोलपत्र सम्बन्धी सूचनामा उल्लेखित कुराहरु, सम्झौताको फारमको ढाँचामा उल्लेख गरिएका शर्तहरुलाई ध्यान दिदै कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा ढाँचा अनुरुपको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने व्यहोरा तपाईलाई जानकारी गराईन्छ ।

माथि तोकिएको म्यादभित्र कार्य-सम्पादन जमानत पेश गर्न र करार सम्झौतामा हस्ताक्षर गर्न तपाई सफल नभएमा तपाईले पेश गर्नु भएको बोलपत्र जमानत कार्यालयले जफत गर्ने व्यहोरा पनि तपाँईलाई जानकारी गराईन्छ ।

हस्ताक्षर :-

नाम :-

पद :-

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

## ६. कार्य सम्पादन जमानत (Performance Security) को ढाँचा

(ठेक्काको नाम र नम्बर लेख्नुहोस्)

श्री ............................ (कार्यालयको पूरा नाम लेख्नुहोस्)

श्री .............. (ठेकेदारको नाम लेख्नुहोस्) ले .............. (ठेक्काको नाम र नम्बर लेख्नुहोस्) (यसलाई यसपछि "ठेक्का" भनिनेछ) कार्यान्वयनको लागि ठेक्का स्वीकृतिको सूचना प्राप्त गरेको र सो सूचना बमोजिम ठेकेदारले करार अन्तर्गत आफूले पूरा गर्नु पर्ने दायित्वको प्रत्याभूतिको लागि तपाईं समक्ष प्रतिष्ठित बैंकद्वारा जारी गरिएको तोकिए अनुसारको रकमको जमानत .... (जमानतको किसिम लेख्नुहोस्) पेश गर्नु पर्ने हुँदा.............. (जमानी दिनेको पूरा ठेगाना लेख्नुहोस्) ....... मा अधिकारिक ठेगाना भएको .................... (जमानी दिने बैंकको पूरा नाम लेख्नुहोस्) ...... (यसलाई यसपछि "बैंक" भनिनेछ) ठेकेदारको तर्फबाट जमानत दिन मञ्जुर भएकोछ ।

उल्लिखित सन्दर्भमा, हामी तपाईं समक्ष घोषणा गर्दछौं कि हामी जमानी बैंकहरु उक्त ठेकेदारको तर्फबाट जम्मा ...... (जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्) ...... तपाईंलाई भुक्तानी दिने जिम्मेवारी हामीले लिएका छौं र करार अन्तर्गत ठेकेदारले आफ्नो कर्तव्य पूरा नगरेको भनि तपाईंले लिखित रुपमा माग गरेको पहिलो पत्र प्राप्त हुने बित्तिकै, बिना अवरोध वा वादविवाद ..................(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्) सम्मको रकम पूरै वा सो भन्दा केही अंश, माथि उल्लेख गरिए अनुसार, तपाईंबाट कुनै प्रमाण नमागिकन वा कारण नसोधिकन तपाईंलाई भुक्तानी दिने छौं ।

*यो जमानत .... (मिति, गते महिना साल लेख्नुहोस्) सम्मको लागि मान्य हुनेछ ।*

*नाम: .................. (जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पूरा नाम लेख्नुहोस्)*

*दर्जा: .................. (जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको दर्जा लेख्नुहोस्)*

*हस्ताक्षर: .................. (माथि नाम र दर्जा खुलाईएको व्यक्तिले हस्ताक्षर गर्ने)*

*श्री ............................ (बैंकको नाम लेख्नुहोस् छाप लगाउनुहोस्) को तर्फबाट यो जमानत पत्रमा हस्ताक्षर गर्ने अधिकार प्राप्त ।*

*मिति: (मिति, गते महिना साल लेख्नुहोस्)*

गौरव राय मिश्र
प्रमुख प्रशासकीय अधिकृत

## ७. ठेक्का सम्झौता फारामको ढाँचा

लिखितम ........ नाती ........ छोरो ........ जिल्ला ........ गाउँपालिका वा नगरपालिका वडा नं. ........ स्थायी घर भई हाल ........ गाउँपालिका वा नगरपालिका वडा नं. ........ मा बसोबास गर्ने अन्दाजी वर्ष ........ को ........ ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ........ ठेक्का बन्दोबस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ........ को ठेक्का नं. ........ को सूचना बमोजिम ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, सङ्कलन तथा बिक्री वितरणका लागि तपाईं समेतले पेश गर्नु भएको बोलपत्र मूल्याङ्कन गर्दा आ.व. ........ का लागि ........ रु. ........ (मू.अ. कर बाहेक) मा तपाईंसँग ठेक्का सम्झौता गर्ने मिति ........ मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा ........ नगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिएका शर्त बमोजिमका शर्तमा कुनै घटीबढी नगरी कामकाज गरी मिति ........ मा यस कार्यालयलाई ........ प्रकाशित हुन आउने रकम बराई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ........ (मू.अ.कर बाहेक) बुझाई मिति ........ देखि मिति ........ सम्म आ.व. ........ को लागि ठेक्का चलाउनेछु । यदि मैले गरेको सम्झौता उल्लङ्घन गरे कुनै कुरा उल्लङ्घन गर्ने छैन गरे यसै कागजात बाट बदर गरिदिनु भनी मेरो मनोमानी राजीखुसी साथ रकम [illegible] लेखी यस कार्यालयमा बुझाएको छु ।

तपसिल

१। यस सम्झौता पत्रमा उल्लेख गरिए बमोजिमको क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. ...... का लागि ........ कबुल किस्ताको रकम एकमुष्ट रु. ........। (मू.अ.कर बाहेक) वा प्रथम किस्ता बापतको रु. ........ (मू.अ.कर बाहेक) बुझाई ...... गते देखि ........ सम्मको लागि प्रचलित कानूनको अधिनमा रही ........ आय सङ्कलन गर्नेछु ।

२। उक्त आय सङ्कलन गर्नका लागि नगरपालिका क्षेत्र भित्र रहेका [illegible] सूचीका मालवस्तुमा [illegible] दरमा बिक्री मूल्य सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गर्ने गरी नगरपालिका ........ लाई बोलिएको एकमुष्ट वा प्रथम किस्ता बापतको रकम बुझाएको छु ।

३। सो आय सङ्कलन गर्न नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क दस्तुर इत्यादि थप गरी लिने छैन र ........ नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरू प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ ।

गौ[illegible] मिश्र
प्रमुख प्रशासकीय अधिकृत

[illegible] नगरपालिकाको कार्यालय, मधेश प्रदेश, नेपाल

## नदीजन्य पदार्थहरु उत्खनन् संकलन र बिक्री वितरण गर्ने शर्तहरु

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन संकलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिका वा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धीत ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लेखित परिमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसावले नियमानुसार थप ........... मु.अ.कर रकम समेत गरी एकमुष्ठ वा ........... किस्तामा ........... प्रतिशतका दरले ................. मसान्त भित्र र ........... महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस नगरपालिकाको नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ प्रदेश कानून नदीजन्य निर्माण सामग्रीहरुको उपभोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन संकलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्ती क्षेत्र, राष्ट्रिय निकुञ्ज सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईने छैन ।

६. बिक्री मूल्य वा दस्तुर शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ड्याट राख्न पाईनेछैन ।

७. नेपाल सरकार वा ....... नगरपालिकालाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. बिक्री मुल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्व साधारणले देख्नेगरी राख्नु पर्नेछ ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

११. तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा ........ नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपुर्तिको रकमको साथै बाँकी किस्ता रकमको ..................% का दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिका वा नगरपालिकाले असुल गर्नेछ ।

१२. ......... नगरपालिकाले बिक्री मुल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट असुल गर्न पाईने छैन ।

१३. प्रचलित ऐन नियम बमोजिम ठेक्काको शर्त तथा दररेट कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१४. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा ......... नगरपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नु पर्नेछ ।

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

संकलन केन्द्र राख्ने स्थान

| क.सं | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

१५. आ.व. ........... को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन मि विक्री दर रु. .......... मा मू.अ.कर बापत ......... प्रतिशत थप गरी निम्न अनुसार विक्री मुल्य वा शुल्क संकलन गर्न पाईनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१६. उत्खनन् संकलन तथा विक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम नगरपालिकाले जफत गरी लिलाम विक्री गर्नेछ ।

१७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ विक्री बापत ...... नगरपालिका लाई बुझाउनु पर्ने विक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

(प्रति घन मिटर)

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने विक्री मुल्य वा शुल्क (...........%) | मू.अ.कर रकम | नदीजन्य वा खानीजन्य पदार्थ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१८. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन् संकलन तथा विक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

१९. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाईने छैन ।

२०. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोधो नियमित रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

२१. साधारण निर्माण मुखी नदीजन्य पदार्थ उत्खनन र स.कलन गर्दा भौतिक, जैविक, सामाजिक आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नु पर्नेछ ।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च नगरपालिकामा दावी गर्न पाइने छैन ।

२३. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२४. कल्भर्ट सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ दुई सय भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

२५. मुख्य मागबाट बोल्डर , ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माण को कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।



गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

२६. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ........... सम्म बिहान ........... बजे देखि बेलुका ........... बजे सम्म मात्र उत्खनन् एवं संकलन समय अवधि हुनेछ ।

२७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२९. उत्खनन् पश्चात् काम नलाग्ने भनि छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाईनेछैन ।

३०. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुको प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३१. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्नु पर्नेछ ।

३३. फर्म वा कम्पनीको आधिकारिक व्यक्ति भन्नाले फर्म वा कम्पनीको प्रोप्राईटर , संचालक वा फर्म वा कम्पनीले प्रतिनिधि तोकेको व्यक्ति सम्झनुपर्छ ।

३४. भिजेको चिसो बालुवाबाट पानी बगी बाटो बिग्रने भएको चिसो बालुवा ढुवानीमा पूर्णरुपमा रोक लगाईएको छ । सुख्खा बालुवा छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ । खोलबाट उत्खनन् गरिएका ढुंगा, गिट्टी, बालुवा घाट गद्दी गरे पश्चात मात्र बिक्री वितरणको प्रबन्ध मिलाउनु पर्नेछ ।

३५. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मिश्र
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

## ८. पट्टाको फारमको ढाँचा

....................... नगरपालिकाबाट श्री ................. को नाती................. को छोरा ................ जिल्ला.................गा.पा. वा न.पा.वडा नं. ................. स्थायी घर भई हाल.................गा.पा. वा न.पा. वडा नं. ................. मा बसोबास गर्दै आएको वर्ष ................. को ................. ले ................ कानुनबमोजिम .............. गाउँपालिका वा नगरपालिकाको निमित्त तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा तपशिल बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोवस्त गर्ने गरी यस ....... नगरपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्यांकन हुँदा आ.व. ................ को लागि रु. ...........................(मु.अ.कर बाहेक) अक्षेरुपी ................................. मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेकका बन्दोवस्त गर्न मिति ................. मा यस नगरपालिकाबाट भएको निर्णय अनुसार तपशिलका शर्त बमोजिम घटी बढी नपारी तपशिल लेखिए बमोजिमको मिति भित्र ............ नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ............।- वा प्रथम किस्ता बापतको रकम रु. .............. बुझाई मिति ................. देखि मिति ................. सम्म आ.व. ................ को लागि देहाय बमोजिमका स्रोतहरुबाट देहाय बमोजिमको दरमा बिक्री मुल्य वा शुल्क संकलन गर्ने कार्य गर्नु होला । तपाईले गरी दिनु भएको सम्झौता र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मुल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनि आजै यस ................ नगरपालिकाबाट ठेक्का चलनको पूर्जी गरिदिईएको छ ।

### तपशिल

१। सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. ................ को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. ................ ।- बुझाई ................ साल ........... गतेदेखि .............. साल ................ सम्मलाई प्रचलित कानूनको अधिनमा रही ............. नगरपालिकाको आय संकलन गर्ने ।

२। उक्त आय संकलन गर्नका निमित्त ......... नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका माल वस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मुल्य वा शुल्कको रुपमा आय संकलन गर्नेछु । यसरी आय संकलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

३। सो आय संकलन गर्न .................. नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

४। अन्य कुराहरु तपाई र यस नगरपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ ।

५। साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् संकलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नु पर्नेछ ।

| क. सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा, ढुङ्गा, ग्राभेल/गिट्टी (घन मि.) | संकलन गर्ने स्थान |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |



गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
मधुपुरी, सप्तरी
मधेश प्रदेश, नेपाल

## ९. पटके प्रवेश आदेश

ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परिमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदीको नामः

नाका वा स्थानको नामः

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश नं॰:

नदी प्रवेश आदेश विवरण

१. ढुवानी गरी लैजाने नाकाको नामः

ठेगानाः सम्पर्क फोन नं. :-

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः सवारी दर्ता नं. :-

४. निकाली लैजाने पदार्थको परिमाणः घन फुटः

५. ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एक चिन्ह लगाउने)

क) निजीनिर्माण

ख) सार्वजनिक निर्माण

ग) प्रशोधन पछि विक्री

घ) अन्य (प्रयोजन खुलाउने ......................................)

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहिकतै त्यस्तो पाईएमा कानून बमोजिम सजाय हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहिः

ठेकेदार वा प्रतिनिधिको नाम थरः

सहिः

मिश्र
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## १०. उत्खनन्कर्ताले राखे दैनिक उत्खनन् अभिलेख

खानीवा नदीबाट ढुङ्गा, गिट्टी र बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन, ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन् गरिएको नाका वा स्थानको नामः-

| क.सं. | उत्खनन् गरिएको मिति | उत्खनन् गरिएको परिमाण | उत्खननकर्ता वा प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

प्रमुख प्रशासकीय अधिकृत

मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

## ११. दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरीज

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र संकलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज :-

नदी वा खानीको नामः

नाकाको नाम:

मितिः-

| क.सं. | ढुवानी मिति | पटके विक्री आदेश नं. | पटके विक्री भएको परिमाण | विक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

नोटः यो फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके विक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा .......... नगरपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।



गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

१२. सुरुङा नगरपालिका र जिल्ला अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

| क.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १. | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २. | प्रयोगहुने एकस्साभेटरको संख्या सम्झौता अनुसार | | |
| ३. | प्रयोग गर्ने क्षेत्र पालनाभएको | | |
| ४. | संकलन, उत्खनन् र ढुवानीको समय, पालना भएको | | |
| ५. | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |
| ६. | निकालिने परिमाण पालना भएको | | |
| ७. | मुख्यबस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी पालना भएको | | |
| ८. | स्थानीय सडक देखी मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दुरी पालना भएको | | |
| ९. | थुपार्ने काम गर्दा तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १०. | दैनिक उत्खनन् अभिलेख | | |
| ११. | दैनिक बिक्री ढुवानी तेरिज | | |
| १२. | प्रशोधन गर्ने व्यवस्थालाई प्रशोधित पानी मात्र नदीमा मिलाउने व्यवस्थालाई कडाईका साथ लागु भएको | | |
| १३. | रेखांकन सहितको नाप नक्शा राखेको | | |
| १४. | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध | | |
| १५. | साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङ पोण्ड) को व्यवस्था गरेको | | |
| १६. | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १७. | उत्खनन् गरिने परिमाण, चैकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८. | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. र सूचना पाटी | | |
| १९. | क्रसर उद्योगले पालना गर्नु पर्ने दुरी सम्बन्धी मापदण्डको पालना | | |
| २०. | शुन्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना | | |
| २१. | ढुवानी र ओसार पसार सम्बन्धी मापदण्डको पालना | | |
| २२. | तोकिएको बजार मूल्यको पालना | | |
| २३. | अन्यकुनै विषयहरु | | |

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

## १३. उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमुना

साधारण निर्माणमुखी नदी जन्य तथा खानी जन्यपदार्थ उत्खनन्, संकलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा संकलन स्थलमा सार्वजनिक जानकारी लागि राखिने सूचना पाटी

क) उत्खनन्, संकलन गरिने स्थलः

ख) उत्खनन्, संकलनको विवरण

१. नदी वा खानीको नामः

२. ठाउँको नामः

३. उत्खनन् गरिने परिमाण घनफिट मा :-

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्नेकार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६. उत्खनन् गर्ने अवधिः मिति २०....।.....।.... गतेबाट २०....।....।..... भित्र ।

(कुनै गुनासो वा थप जानकारीको लागि ........................ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ..................मा सम्पर्क राख्नु होला ।)

प्रमुख प्रशासकीय अधिकृत

१४. अन्य शर्तहरुः

१. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री हुने परिमाणको भरपाई रसिद सुरुङ्गा नगरपालिका कार्यालय मधुवन्नी, सप्तरीबाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । सुरुङ्गा नगरपालिकाबाट प्रमाणित नगरिएको रसिद प्रयोग गरी आय संकलन तथा विक्री गरेको सुरुङ्गा नगरपालिकाबाट अनुगमन गर्दा पाइएमा नियमानुसार कार्वाही र सजाय गरिनेछ ।

२. बन्द, हडताल, चक्काजाम आदि अन्य कुनै कारण जनाई मिनाहा माग गर्न पाइने छैन ।

३. ढुंगा, गिटी, बालुवा, रोडा झिक्दा वन क्षेत्र वा कुनै व्यक्तिको बाटो प्रयोग गर्नु पर्ने भएमा ठेकेदार स्वयंमले स्वीकृति लिनु पर्नेछ ।

४. ढुंगा, गिटी, बालुवा,रोडा र ग्राभेल स्वीकृत IEE-2082 को प्रतिवेदन अनुरुप कार्यालयका प्राविधिकहरु सँगको समन्वय र निर्देशनमा मात्र ठेकेदारले निकाल्नु पर्ने र ढुवानी गर्नु पर्ने छ ।

५. कामदारका लागि आवश्यक बीमा, प्राथमिक उपचार, मास्क, हेल्मेट आदिको व्यवस्थापन स्वयं ठेकेदारले गर्नु पर्नेछ ।

६. नेपाल सरकार तथा सम्बन्धित निकायले तोकेको समय सिमा भित्र मात्र उत्खनन् र संकलन गर्नु पर्नेछ ।

७. बोलपत्र सूचनामा उल्लेखित सबै सम्झौताको अभिन्न अंग मानि सोही अनुरुप कार्य गर्नुपर्नेछ ।

८. नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर ठेक्दारले नगरपालिकाले तोकेको खातामा बुझाइ सुरुङ्गा नगरपालिकामा त्यसको प्रमाण पेश गर्नुपर्नेछ ।

९. नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री कार्यका लागि स्वीकृत I.E.E २०८२ को प्रतिवेदन अनुसार सबै मापदण्ड ठेकेदारले पुरा गर्नुपर्नेछ र कार्यालयले तोकेको प्राविधिकको प्रत्यक्ष निगरानीमा र मार्ग निर्देशनमा रही ठेकेदारले आफ्नो काम गर्नुपर्नेछ । कार्यालयबाट खटाइएको प्राविधिकले I.E.E प्रतिवेदन अनुसार तोकेको क्षेत्रमा मात्र ठेकेदारलाई उत्खनन तथा संकलन गर्ने अनुमति/निर्देशन गर्न पाउनेछ । उत्खनन तथा संकलन परिमाणको घाटगद्दी प्रमाणित गराईमात्र नदी जन्य वस्तुको विक्री कार्य ठेकेदारले गर्नु पर्नेछ ।

१०. ठेकेदारले यो सम्झौता भएको मितिबाट २०८३ ज्येष्ठ मसान्त सम्म विहान ७:०० बजे देखी बेलुकाको ५:०० सम्म मात्र उत्खनन, संकलन र विक्री गर्न पाइनेछ ।

११. घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन ठेकदारले गर्नुपर्नेछ र उत्खनन क्षेत्र र सो सँग सम्बन्धित कुरा I.E.E प्रतिवेदन अनुसार हुनुपर्नेछ ।

१२. तोकिएको मापदण्ड र परिमाण भन्दा बढी ठेकेदारले उत्खनन्, संकलन र विक्री गर्न पाइने छैन ।

१३. ठेकेदारले नदीको प्राकृतिक बाहाव नखलबलिने गरी ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्नु पर्नेछ ।

१४. ठेक्कामा कुनै विवाद भएमा सुरुङ्गा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५. ठेकेदारले उठाउने कर र शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै उठाउने परिमाण र दररेट सहितको साइन बोर्ड सबैले देखिने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

१६. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा ठेकेदारले पेश गरेको बैंक जमानतबाट सम्झौता अनुसारको ठेका रकम असुल गरिनेछ । सोमा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

नगर कार्यपालिका ... सप्तरी, मधुपुर, मधेश प्रदेश, नेपाल

गोरखनाथ ...
प्रमुख प्रशासकीय अधिकृत